# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बाग्मती प्रदेश ,नेपाल

प.सं. ०७७/७८
च.नं.: ५५६२

२०७७।११।२६

सूचना । सूचना ।। सूचना ।।।

प्रस्तुत विषयमा आ. व. २०७७।०७८ को लागि स्वीकृत कृषि विकास कार्यक्रम **(वागमती प्रदेश सरकारको प्रदेश शसर्त कार्यक्रम)** अन्तर्गत स्थानीय तह सहकारी/ समूह/निजी क्षेत्रको सहकार्यमा तरकारी तथा फलफूल संकलन केन्द्र/ बिक्री कक्ष सहितको हाटबजार निर्माण शीर्षकमा १०,००,०००।०० (दशलाख) बजेट बिनियोजित भएको हुँदा इच्छुक सहकारी/ समूह/निजी क्षेत्रले वडा कार्यालयको सिफारीस सहित प्रस्ताव पेश गर्न पुनःथप ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । सुचना प्रकाशन भएको मितिले ७ दिन अर्थात् मिति २०७७।१२।३ गतेसम्म यस कार्यालयमा कार्यालय समयभित्र प्रस्ताव पेश गर्न गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै थप जानकारीको लागि कृषि विकास शाखा वा वडा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

तपसिलः

कार्यक्रमको नामः स्थानीय तह सहकारी/ समूह/निजी क्षेत्रको सहकार्यमा तरकारी तथा फलफूल संकलन केन्द्र/ बिक्री कक्ष सहितको हाटबजार निर्माण ।
विनियोजित रकम रु. १०,००,०००।०० (दशलाख)

आवश्यक कागजातहरुः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (सञ्चालक सबैजनाको),
२. सहकारी संस्था वा समुह बजार व्यवस्थापन समिति दर्ता नविकरण प्रमाण पत्रको प्रतिलिपी,
३. करचुक्ता प्रमाण पत्र, संकलन केन्द्र/ बिक्री कक्ष सहितको हाटबजार सञ्चालन हुने स्थानको जग्गाधनी पुर्जाको प्रतिलिपि (निजी जग्गाको हकमा),
४. जग्गा भाडामा लिई संकलन केन्द्र/ बिक्री कक्ष सहितको हाटबजार सञ्चालन गर्नेको हकमा १० वर्षको करारनाम हुनु पर्ने,
५. सार्वजनिक जग्गामा हाटबजार सञ्चालन गर्न सम्बन्धित निकाय वा कार्यालयबाट मन्जुरीनामा हुनुपर्ने,
६. प्रस्तावित कार्यक्रम तथा लागत विवरण सहितको आवेदन,
७. बजार व्यवस्थापन समितिको वा संस्थाको निर्णय प्रतिलिपीहरु,
८. सम्बन्धित वडा कार्यालयको सिफारीस ।

२०७७।११।२६

कमल ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

| | |
|---|---|
| | नगरपालिका |
| सञ्चालन प्रक्रिया | क. कृषक समुह/कृषि सहकारी बाट आवेदन माग गरी सञ्चालन गर्नुपर्नेछ । बढीमा ५० प्रतिशत अनुदान र कम्तीमा ५० प्रतिशतको लागत साझेदारी गर्नुपर्नेछ ।<br>ख. Pre Fab गोदाम घर निर्माण सम्बन्धी प्राविधिकसँगको समन्वयमा नक्सा सहित निर्माणको लागत ईस्टिमेट तयार गर्नुपर्नेछ ।<br>ग. गोदाम घर निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।<br>घ. गोदाम निर्माणमा कृषक समुह/कृषि सहकारी वा स्थानीय तहले समेत लागत योगदान गर्नुपर्नेछ ।<br>ङ. निर्माण हुने Pre Fab गोदाम घरको क्षमता कम्तीमा १५ मे.टन. हुनुपर्नेछ । गोदाम घरको निर्माण Pre Fab /ईट्टा/ढुङ्गा को बनाउन सकिने छ ।<br>च. भवन निर्माणको गुणस्तर सुनिश्चितताको लागि नियमित अनुगमन गर्नुपर्नेछ । |
| बजेट बाँडफाड | प्रचलित नियमानुसार खर्च गर्नुपर्नेछ । |
| अनुगमन र मूल्याङ्कन | १. मन्त्रालय र निर्देशनालय कार्यक्रमको अनुगमन गर्नेछ ।<br>२. स्थानीय तहले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | Pre-Fab गोदाम घरको निर्माण गरी कम्तीमा १५ मे.टन. खाद्यान्नको सुरक्षित भण्डारण हुनेछ । |
| प्रतिवेदन प्रणाली | चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ । |

*PLMBIS Code No.* ६.२.२.३९०, कार्यक्रमको नामः स्थानीय तह/सहकारी/समुह/नीजि क्षेत्रको सहकार्यमा तरकारी तथा फलफुल संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटबजार निर्माण

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | तरकारी तथा फलफुलको संकलन गरी बजारीकरणमा सहयोग गर्ने । |
| सञ्चालन गर्ने निकाय | नागर्जुन नगरपालिका वडा नम्बर १, बुढानिलकण्ठ नगरपालिका वडा नम्बर २ चपली, गोदावरी नगरपालिका वडा नम्बर १२, चाँगुनारायण नगरपालिका, सूर्यविनायक नगरपालिका, गोदावरी नगरपालिका, महालक्ष्मी नगरपालिका वडा नम्बर ९, मनहरी गाउँपालिका वडा नम्बर ६, कालिका नगरपालिका वडा नम्बर ७ जुटपानी, इच्छाकामना |

| | |
|---|---|
| | गाउँपालिका, कैलास गाउँपालिका, कालिका नगरपालिका वडा नम्बर ११, मण्डनदेउपुर नगरपालिका, मेलम्ची नगरपालिका, लिसंखु पाखर गाउँपालिका, त्रिपुरासन्दरी गाउँपालिका वडा नम्बर ४ मुडे, सुनकोशि गाउँपालिका वडा नम्बर ७, हेलम्वु गाउँपालिका वडा नम्बर २, रामेछाप नगरपालिका, गोकुलगङ्गा गाउँपालिका वडा नम्बर ३, लिखु तामाकोशी गाउँपालिका, भिमेश्वर नगरपालिका, कालिन्चोक गाउँपालिका, शैलुङ्ग गाउँपालिका, धुनीबेंशी नगरपालिका, गजुरी गाउँपालिका वडा नम्बर ७, ज्वालामूखी गाउँपालिका वडा नम्बर ६, गजुरी गाउँपालिका वडा नम्बर ८, बेनीघाट रोराङ्ग गाउँपालिका वडा नम्बर १०, कमलामाई नगरपालीका-भिमान, गोलान्जोर गाउँपालिका, रत्ननगर नगरपालिका वडा नम्बर १, चौतारासागाचोकगढी नगरपालिका वडा नम्बर १, थाहा नगरपालिका वडा नम्बर ६, बागमति गाउँपालिका, मध्यपुर ठिमी नगरपालिका-लोकन्थलि र किस्पाङ्ग गाउँपालिका |
| सञ्चालन प्रक्रिया | क. सूचना प्रकाशन गरी कृषक समुह/कृषि सहकारी/नीजि क्षेत्रबाट आवेदन माग गरी सञ्चालन गर्नुपर्नेछ । बढीमा ५० प्रतिशत अनुदान र कम्तीमा ५० प्रतिशतको लागत साझेदारी गर्नुपर्नेछ ।<br>ख. संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटवजार निर्माण सम्बन्धी विज्ञ / प्राविधिकसगको समन्वयमा नक्सा सहित निर्माणको लागत ईस्टिमेट तयार गर्नुपर्नेछ र संकलन केन्द्र/बिक्री कक्षको निर्माण Pre Fab /ईट्टा/ढुङ्गा को बनाउन सकिने छ ।<br>ग. संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटवजार निर्माण गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।<br>घ. संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटवजार निर्माणमा कृषक समुह/कृषि सहकारी वा स्थानीय तहले समेत लागत योगदान गर्नुपर्नेछ ।<br>ङ. संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटवजार निर्माणको गुणस्तर सुनिश्चितताको लागि नियमित अनुगमन गर्नुपर्नेछ । |
| बजेट बाँडफाड | प्रचलित नियमानुसार खर्च गर्नुपर्नेछ । आवश्यकता अनुसार सञ्चालनको लागि फर्निचर लगायतमा समेत बजेट व्यवस्था गर्न सकिनेछ । |
| अनुगमन र मूल्याङ्कन | १. मन्त्रालय र निर्देशनालयले कार्यक्रमको अनुगमन गर्नेछ । |

| | |
|---|---|
| | २. स्थानीय तहले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गरी अपेक्षित उपलब्धि हासिल गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | संकलन केन्द्र/बिक्री कक्ष सहितको हाटवजार निर्माण हुनेछ, जसबाट तरकारी तथा फलफुल संकलन गरी बजारीकरण गर्न सकिनेछ । |
| प्रतिवेदन प्रणाली | चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ । |

*PLMBIS Code No.* ६.२.२.३९२, कार्यक्रमको नामः भरतपुर महानगरपालिकाको सहकार्यमा जैविक फोहोरमैलाबाट कम्पोष्ट मल तथा बायो ग्यास तयार गर्ने

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | फोहोरमैलाको व्यवस्थापन गरी जैविक कम्पोष्ट मल तथा बायो ग्यास तयार गर्ने । |
| सञ्चालन गर्ने निकाय | भरतपुर महानगरपालिका |
| सञ्चालन प्रक्रिया | क. सूचना प्रकाशन गरी कृषक समुह/कृषि सहकारी / नीजि क्षेत्रबाट आवेदन माग गरी सञ्चालन गर्नुपर्नेछ । बढीमा ५० प्रतिशत अनुदान र कम्तीमा ५० प्रतिशतको लागत साझेदारी गर्नुपर्नेछ ।<br>ख. नमुना नयाँ प्रविधि (कार्वन, नाईट्रोजन, ब्याक्टेरिया तथा मिनरलको मिश्रण) बाट कम्पोष्ट मल तथा बायो ग्यास तयार गरीनेछ । |
| बजेट बाँडफाड | प्रचलित नियमानुसार खर्च गर्नुपर्नेछ । |
| अनुगमन र मूल्याङ्कन | १. मन्त्रालय र निर्देशनालयले कार्यक्रमको अनुगमन गर्नेछ ।<br>२. स्थानीय तहले आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ । |
| अपेक्षित उपलब्धि | फोहोरमैलाको व्यवस्थापन भई कम्पोष्ट मल तथा बायो ग्यास तयार हुनेछ । |
| प्रतिवेदन प्रणाली | चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउनुपर्नेछ । |

*PLMBIS Code No.* ६.२.२.३९३, कार्यक्रमको नामः रत्ननगर न.पा. को सहकार्यमा बीउ प्रशोधन सम्बन्धी मेशिनरी सहयोग

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | गुणस्तर बिउको उपलब्धता गराउने। |
| सञ्चालन गर्ने निकाय | रत्ननगर नगरपालिका |